# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले वैशाख १७ गते काठमाडौंमा विराटलक्ष्मी विकास बैंक लिमिटेड र कण्ट्री डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राइम कमर्सियल बैंक लिमिटेडले प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



उक्त समारोहलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले देशको वित्तीय प्रणाली सकारात्मक दिशातर्फ गइरहेको बताउनु भयो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपालको आर्थिक वृद्धि विगत २ दशक यताकै उच्च रहने प्रक्षेपण गरेको उल्लेख गर्नुहुँदै उहाँले अपेक्षानुरुप पुँजीगत खर्च हुन सकेमा आर्थिक वृद्धि अझै उच्च हुने धारणा राख्नुभयो । व्यापार घाटा कम गर्नका लागि आयात प्रतिस्थापन गर्ने खालका उद्योग व्यवसायमा बैंकको लगाानी बढाउनमा उहाँले जोड दिनुभयो ।

गभर्नर डा. नेपालले सो समारोहमा चुक्ता पुँजी वृद्धि नीतिको परिणामस्वरुप नेपालका बैंक तथा वित्तीय संस्थाहरु गुणात्मक रुपमा सबल र सक्षम हुँदै गएको विचार व्यक्त गर्नुभयो । उहाँले संस्थागत सुशासनमा चल्ने संस्थाहरु अव्वल हुने विश्वास दिलाउँदै समस्याग्रस्त संस्थाहरु मध्ये केही सञ्चालनमा आइसकेको र केही सञ्चालन हुने क्रममा रहेको जानकारी दिनुभयो । न्यून बैंकिङ उपस्थिति रहेको सुदुर पश्चिममा शाखा विस्तार गर्न उहाँले बैंकर्सहरुसँग आग्रह गर्नुभयो ।

एकापसमा रहेको समान सोच र कार्यशैलीको संयोजनबाट नै गाभ्ने वा गाभिने संस्थाले थप ऊर्जा प्राप्त गर्ने तथ्य गभर्नर डा. नेपालले सो समारोहमा राख्नुभयो । नेपालको समाज, संस्कृति तथा कर्मचारीहरुको अध्ययनको पृष्ठभूमि प्रायः समान नै रहेकोले नेपालमा संस्थाहरुको मर्जर वा प्राप्तिपछिको कर्मचारी व्यवस्थापन अन्य देशहरुको भन्दा सहज हुनुपर्ने दृष्टिकोण राख्दै उहाँले सर्वसाधारण जनताको निक्षेपको सुरक्षित साथ उपयोग गर्न बैंकर्सहरुलाई सुझाव दिनुभयो ।




सोही समारोहमा गभर्नर डा. चिरंजीबि नेपालले प्राइम कमर्सियल बैंक लिमिटेडको केन्द्रीय कार्यालय भवनको समुद्घाटन पनि गर्नुभयो । डेपुटी गभर्नर शिबराज श्रेष्ठको पनि सहभागिता रहेको उक्त समारोहमा नेपाल राष्ट्र बैंकका अधिकृतहरु, नेपाल बैंकर्स संघका पदाधिकारीहरु लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरु, पत्रकारहरु र सरोकारवालाहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

२०७४ वैशाख १७, आइतबार

गभर्नरको कार्याल